# वार्षिक सुशासन प्रतिवेदन

# (Annual Governance Status Report of Birgunj Sub-Metropolitan City)

## परिच्छेद एक

## वीरगंज उपमहानगरपालिका को सेवाप्रवाह अवस्था

**१) दिर्घकालिन सोच (Vision)**

नगरपालिका भित्र भएका सम्पुर्ण जनताहरुलाई कार्यालयले प्रवाह गरिने सबै किसिमको सेवाहरुमा अर्थपुर्ण सहभागीता बढाई गरीवी न्यूनीकरणमा योगदान गर्ने ।

**२) लक्ष्य (Mission)**

वीरगंज उपमहानगरपालिका क्षेत्र भित्र विकासका सम्भावनाका आधारमा उपलब्ध श्रोत र साधनलाई एकिकृत र समन्वित गरी अल्पकालिन वा दिर्घकालिन विकास योजनाहरु बनाउदै विकासको माध्यमबाट समग्र नगरलाई आधारभूत तथा आधुनिक र शहरी सेवा सहितको स्वच्छ, सुन्दर र समृद्ध वीरगंजको स्थापना तथा महानगरीय परिकल्पनाका साथ तत् सम्बन्धी पूर्वाधारहरुको विकास गर्ने लक्ष्य रहेको छ ।

**३) उद्येश्य (Objective)**

१. नेपाल सरकारको मिति २०७१ मंसीर १६ गतेको निर्णयले वीरगंज उपहानगरपालिकामा गाभिएका ११ वटा गा.वि.स. हाल २० देखि ३० नम्बर वडाहरुमा आधारभूत तथा आधुनिक शहरी सेवा सुविधाको विस्तार र विकास गर्दै वृहत्त स्वच्छ, सुन्दर र सम्बृद्ध वीरगंजको दिर्घकालिन लक्ष्य प्राप्तिको निम्ति आर्थिक सामाजिक एवम् भौतिक पूर्वाधारको विकास गर्ने ।

२. महिला, दलित, आदिवासी जनजाति, अपागंता भएको व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएको क्षेत्रको विकासमा जोड दिई समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने ।

३. सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिवृद्धि गर्दै समुदायस्तरको श्रोत परिचालन गरी गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

४. पूर्वाधार सहितको सुरक्षित औद्योगिक क्षेत्रको विकास गर्दै उद्योगधन्दा, कलकारखानाहरुको प्रवर्द्धन गरी रोजगारका अवसरहरु सृजना गर्ने ।

५. आन्तरिक राजश्वका नयाँ क्षेत्र पहिचान गर्दै विद्यमान श्रोतको प्रभावकारी परिचालनका माध्यमबाट आत्मनिर्भरता बढाउने ।

६. उपमहानगरपालिकाको विस्तारित क्षेत्र समेतलाई जोड्ने गरी (चक्रपथ) यातायात गुरुयोजनाको सम्भाव्यता अध्ययन गरी कार्य योजना बनाउन प्राथमिकता दिइने ।

७. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरु अगाडि बढाइने ।

## ४) नीति तथा रणनीतिहरु

१. वीरगंज नगरक्षेत्रभित्र रहेका सांस्कृतिक धरोहरहरूको संरक्षण गर्ने नीति लिईएको छ । सो को लागि यस आ.व.मा भिस्वा बौद्ध चैत्यक्षेत्र, लक्ष्मणवा पार्क, भुटनदेवी मन्दिर क्षेत्र संरक्षण तथा मुर्ली पोखरी र वौधीमाई पोखरीको वृहत्तर विकाशका लागि जोड दिईनेछ ।

२. नगरक्षेत्रभित्र जग्गा प्लटिङ्गको लागि नगरपालिकासंग पूर्व स्वीकृति लिनु पर्नेछ । नगरपालिकाको स्वीकृति विना प्लटीङ्गको जग्गा विक्री भएमा त्यस्ता स्थानहरुमा बन्ने भवनहरुको नक्शा पास गर्न नगरपालिका वाध्य हुने छैन । साथै त्यस्ता स्थानहरुमा सेवा सुविधा र विकास पूर्वाधारहरुमा लगानी नगर्ने नीति लिइएको छ ।

३. एसियाली विकास बैंकको सहयोगमा संचालित शहरी वातावरण सुधार आयोजना संचालनका लागि सम्पूरक कोषको लागि पूंजी आवश्यक परेमा अन्तिम विकल्पको रूपमा सस्तो व्याजदरमा 'क' श्रेणीको वाणिज्य बैंकहरूबाट ऋण सहयोग लिई आयोजना संचालन गरिनेछ ।

४. नगरक्षेत्रभित्र प्लाष्टिकजन्य बस्तुहरूको प्रयोगलाई निरूत्साहित गर्दै लैजान पहिलो चरणमा कालो प्लाष्टिक विक्री वितरण र प्रयोगमा रोक लगाईनेछ । यस नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

५. महिला, एकल महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थान र सशक्तिकरणका लागि लक्षित बर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ-संस्था मार्फत ती बर्गको लागि आवश्यक कार्यक्रमरु संचालन गरिनेछ ।

६. बिकासको दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित बिकासको लागि ती क्षेत्रहरुमा विशेष योजना सहितको कार्यक्रम संचालन गरिनेछ ।

७. दलित, जनजाति, आदिवासी, मधेशी, मुस्लीम र विपन्न समुदायका उत्कृष्ट विद्यार्थी तथा शैक्षिक गुणस्तर वृद्धिमा उत्कृष्ट योगदान पुऱ्याउने शिक्षक एवं विद्यालयलाई पुरस्कार र सम्मानको उचित व्यवस्था गरिने छ ।

८. उप-महानगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कामहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्यांकन कार्य व्यवस्थित रुपमा गरिने छ । साथै योजनागत सार्बजनिक परिक्षणलाई प्रभावकारी, व्यवस्थित र नियमित गरिने छ ।

९. उप-महानगरपालिकाबाट नगरक्षेत्रको सार्वजनिक सम्पति तथा पूर्वाधारहरु जस्तै सडकहरु, ढल, सडकपेटी, सार्बजनिक पार्क, रंगशाला, ल्याण्डफिल साईट, सार्बजनिक शौचालय, धर्मशालाहरु, सांस्कृतिक सम्पदाहरु, सार्बजनिक पर्ती, ऐलानी, हदबन्दी भन्दा बढी भई उपभोगमा नरहेका र नगरपालिकाद्धारा संरक्षण र उपयोग गर्न सकिने अन्य जग्गाहरु समेतको लगत सूचना प्रविधिको उपयोग गरी अध्यावधिक गरिनेछ ।

१०. उप-महानगरपालिकाबाट संचालित सबै किसिमका योजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि फर फारक गर्नु पूर्व सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ र ठुला योजनाहरुको सम्पन्न अवधि दुई बर्ष पुगेपछि त्यस्ता आयोजनाहरुको आर्थिक, सामाजिक उपलब्धि लेखाजोखा गर्न प्रभाव मुल्याँकन गरिनेछ ।

११. उप-महानगरपालिकाले नगरक्षेत्र भित्रमा प्रकोप व्यवस्थापन र आकस्मिक सेवाको लागि कार्यक्रम सहितको कार्ययोजना बनाई बजेट विनियोजन गरिनेछ ।

१२. खानेपानी लाईन नभएका नगरक्षेत्रका केही भागमा खानेपानी लाईन विस्तार गर्न खानेपानी संस्थान, नगरपालिका, अन्य संघ संस्था र उपभोक्ताहरुको समन्वयमा खानेपानीको लाईन विस्तार गरिने कार्यलाई अगाडि वढाईनेछ । नगरपालिकाद्धारा गाडिएका हैण्ड पम्पहरुको मर्मत कार्य गरिनेछ । नगरक्षेत्रमा हैण्ड पम्प जडान, मर्मत संभार र रेखदेख गर्ने कार्य उपभोक्ता समिति मार्फत गर्ने नीति लिई मित्तव्ययितालाई अवलम्बन गरिनेछ ।

१३. उप-महानगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा अधिकतम जनसहभागिता हुने योजना तथा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिईनेछ । उप-महानगरपालिकाको लागत सहभागिताको ८०:२० को अनुपातको अवधारणालाई अवलम्बन गरिनेछ । लक्षित समूह, सुकुम्बासी तथा विपन्न वस्ती रहेको क्षेत्रमा ५ देखि २० प्रतिशत सम्म जनसहभागिता कम गर्न सकिने नीति लिइएको छ । यो व्यवस्था चालु आ.व. देखि नै लागु गरिनेछ ।

१४. सडक बत्तीको दीर्घकालिन व्यवस्थापन गर्न निजी र गैर सरकारी क्षेत्रसंग सहकार्य गरी अगाडि बढने नीति लिइनेछ । यस अन्तर्गत चालु आ.ब.मै घण्टाघर देखि भानुचौक सम्म सौर्य प्रणालीमा आधारित सडक बत्ती जडान गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

१५. स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा २६५ उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी भवन निर्माण तथा नक्शा पास सम्बन्धी अध्यावधिक मापदण्ड तथा कार्यविधी, २०७० लाई स्वीकृत गरी आगामी आ.ब. देखि कार्यान्वयनमा ल्याईने छ ।

१६. नगरको विकास निर्माण र सेवा प्रवाह कार्यमा आवश्यक पर्ने वित्तिय स्रोतको कमीलाई पूर्ति गर्न नेपाल सरकार, दातृ निकाय तथा संघ-संस्था र निजीक्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं वाह्य स्रोतको अधिकतम परिचालन गरिनेछ ।

१७. चालु आ.व.देखि लागु हुने गरी उप-महानगरपालिकालाई कर बुझाउनुपर्ने ठुला करदाताहरुको सुविधाको लागि रु.२५ लाख भन्दा वढी कर तिर्ने करदाताहरुबाट एक आर्थिक वर्ष भित्र किस्तावन्दी रुपमा कर असुली गर्न सक्ने नीति लिईनेछ । यस अघि निजी संघ-संस्था र नेपाल सरकार अर्न्तगतका संस्थानहरुसंग गरिदैं आएको असुली प्रकृयाको हकमा साविककै नीति यथावत रहनेछ ।

१८. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणका माध्यमबाट सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न उप-महानगरपालिकाबाट संचालित सबै योजना तथा कार्यक्रमहरुमा यी विधिहरु लागु गरिनेछ ।

१९. पेश्की तथा बेरुजु सम्बन्धमा कसैलाई पनि पेश्की माथि पेश्की नदिने, विभिन्न कार्यका लागि लिएको पेश्कीको कानून बमोजिम तोकिएको समय भित्र बील भरपाई पेश नगर्ने, पेश गरिएकोमा पनि समयमै फछ्र्यौट नगर्ने, पेश्की लिने कर्मचारीले पेश गरेको बील भरपाईबाट फछ्र्यौट नहुने खालका पेश्कीहरुको हकमा रकम दाखिला नगर्ने, समय भित्रै हिसाब फरफारक वा बाँकी पेश्की रकम दाखिला नगर्ने व्यक्ति, संघसंस्था, ठेकेदार, उपभोक्ता समिति माथि प्रचलित कानुन बमोजिम कार्वाही गरी असुल उपर गरिनेछ । अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु मध्ये

नियमित गर्नुपर्ने बेरुजुलाई नियमित गर्ने र असुल उपर गर्ने बेरुजुलाई कडाईका साथ असुल उपर गर्ने नीति लिइनेछ ।

२०. फोहरमैला व्यवस्थापन तथा वातावरण शिक्षालाई जनस्तरमा पुर्‍याई जनचेतना अभिबृद्धि गर्न विद्यालय, शिक्षक, शिक्षिका, विधार्थी तथा सामाजिक संघ संस्थाहरुको समेत संलग्नता र दातृ निकायहरुको सहयोगमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । नगरक्षेत्रलाई स्वच्छ, सफा र स्वथ्यकर तुल्याउन फोहरमैला व्यवस्थापन ऐनलाई कडाईका साथ लागु गरिनेछ ।

२१. नगरक्षेत्र भित्र गरीब आदिवासी/जनजाति तथा दलितहरुले परम्परागत रुपमा गर्दै आएको पेशालाई आधुनिकिकरण गर्दै बढी प्रतिफलदायी तुल्याउन आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

२२. पूर्वाधार विकास तथा सामाजिक सेवालाई अपांग मैत्री बनाउने नीति लिईनेछ । अपांगहरुको सामाजिकिकरण, क्षमता बृद्धि, स्वरोजगार एवं पुर्नस्थापनाका लागि आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२३. उप-महानगरपालिका क्षेत्रभित्रका सामुदायिक विधालयहरुमा अध्ययनरत अपांङ्गता भएका विधार्थीहरुलाई वार्षिक १ जोर विद्यालय पोशाक उपलब्ध गराउने नीति लिईएको छ ।

२४. नगरक्षेत्रको खेलकुद विकासका लागि जिल्ला खेलकुद समितिसंग सहकार्य गर्दै पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गरिनेछ । राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा हासिल गर्ने नगरवासी खेलाडीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत र सम्मानित गरिनेछ ।

२५. उप-महानगरपालिका कार्यालयको संगठनात्मक संरचना र स्वरुपलाई समय सापेक्ष, चुस्त एवं प्रभावकारी तुल्याउन विज्ञहरुको परामर्श बमोजिम तयार गरिएको संगठनात्मक संरचना र कर्मचारीहरुको कार्यविवरण स्वीकृत गरी लागु गरिने छ । यसरी नै बालबिकास केन्द्र संचालन निर्देशिका, महिला समुह संचालन कार्य निर्देशिका र कर्मचारी कल्याणकोष संचालन निर्देशिका स्वीकृत गरी लागु गरिनेछ ।

२६. उप-महानगरपालिकाको राजश्व अभिबृद्धिका लागि भौगोलिक सूचना प्रणालीलाई राजश्व असुलीसंग आबद्ध गरी करको दायरालाई फराकिलो तुल्याउने नीतिलाई अवलम्बन गरिनेछ ।

२७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ले र्निदिष्ट गरेबमोजिम वीरगञ्ज उप-महानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न आवश्यक क्रियाकलाप संचालन गरिने छ । उक्त कार्यविधि बमोजिम लक्षित समूहको लागि बजेट विनियोजित गरिनेछ ।

२८. वीरगञ्ज उप-महानगरपालिकाबाट संप्रेषण हुने सूचनाहरुलाई स्थानीय दैनिक पत्रिकाहरुमा समानुपातिक हिसाबले प्रकाशन गराउन नेपाल पत्रकार महासंघ पर्सा शाखाको समन्वय र सुझावका आधारमा विज्ञापन नीति तयार गरिनेछ । आ.ब.०७१।०७२ मा नेपाल पत्रकार महासंघको अक्षयकोषमा केही रकम विनियोजन गरिएको छ ।

२९. जेष्ठ नागरिकको जीवनयापनलाई सहज, सुखमय र सुविधायुक्त तुल्याउन अन्य निकाय तथा संघसंस्थासँग सहकार्य एवं समन्वय गरी वृद्धाश्रम निर्माण कार्यको लागि रकम विनियोजन गरिएको छ ।

## ५) कार्य नीतिहरु

१. संस्थागत सुशासन, शहरी गरिबी न्यूनिकरण, समुदायहरुको विकास, दलित जनजाति, उत्पीडितवर्गहरुको विकास र उत्थानमा जोड दिइनेछ ।

२. जनसहभागिता, लागत सहभागिता, स्थानीय श्रोत साधनको परिचालन, लक्षितवर्ग र समुदायको सशक्तिकरण एवं मुल प्रवाहीकरण मार्फत समावेशी एवं दिगो विकास प्रत्याभूत गरिनेछ ।

३. स्वायत्त शासनको माध्यमबाट विकासमा जनताको अधिकतम मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको न्यायोचित वितरण गर्ने संवैधानिक मार्गदर्शनको कार्यान्वयनमा जोड दिइनेछ ।

४. विकासका कार्यहरुमा अधिकतमरुपमा सरोकारवालाहरुलाई परिचालन गर्ने र नगरपालिकाको भूमिका निर्णायक, उत्प्रेरक, अनुगमनकर्ता, समन्वयकर्ता एवं नियन्त्रणकर्ताको रुपमा स्थापित गर्दै लैजाने नीतिको कार्यान्वयन गरिनेछ ।

५. संस्थागत सुशासन, उत्तरदायित्व एवं जवाफदेहीता सुनिश्चित गर्न सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक सर्वेक्षण, समीक्षा आदिलाई प्राथमिकता दिनु पर्ने सरकारी मार्गदर्शन कार्यान्वयनमा जोड दिइनेछ ।

६. स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, निर्देशिका आदिले परिलक्षित गरेका विषयहरु र ती विषयलाई सम्वोधन गर्ने कार्यक्रमहरुको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

७. नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिविसबाट प्राप्त मार्गदर्शन एवं निर्देशनहरुको कार्यान्वयन गरिनेछ ।

८. नेपाल सरकारको सुशासन कार्ययोजना, आर्थिक विकास, शासकीय तथा आर्थिक सुधारको कार्य योजना र समृद्धिको कार्य योजना लगायतले परिलक्षित गरेका कार्यक्रमहरुको कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।


## ६) अनुभवन गरिएका प्रमुख समस्या र चुनौतीहरु

- शाखा शाखा बीचको समन्वयको कमि
- विभिन्न कार्यक्रमहरुका सही तथा यर्थाथ अभिलेख व्यवस्थापनमा कठिनाई
- बजेटको अभावले गर्दा थप कार्यक्रमहरु कार्यावन्यन र निरन्तरतामा समस्या
- दक्षता तथा क्षमतामा कमि भई तालिम प्राप्त जनशक्तिको कमि
- सुशासन व्यवस्थापनको लागि छुट्टै कर्मचारीको व्यवस्थापन नभएको

## ७) समाधानका लागि चाल्नु पर्ने कदमहरु

- नगर स्तरिय अनुगमन समित गठन गर्ने
- एल.जि.सि.डि.पी. को संयन्त्रलाई सामाजिक उत्तरदायि अनुपातको बेला बेलामा पालना अनिवार्य रुपले गराउने
- कार्यालय भित्रका कर्मचारीहरुलाई थप नयाँ प्रविधिहरुको प्रयोग गरी जनचेतना मुलक तालिमहरुको आयोजना गर्ने
- सुशासन व्यवस्थापनका लागि छुट्टै कर्मचारी तथा फाँटको व्यवस्था मिलाई कार्यावन्यन गर्ने
- सुझाव/उजुरी पेटिका तथा सो समाधानका लागि छुट्टै फाँटको व्यवस्था गर्ने
- सुचनाको संयन्त्र र हेल्प डेस्कको व्यवस्था गर्ने
- स्थानीय स्तरमा योजना तर्जुमा प्रकियामा समावेशी तथा सहभागितामा बढाउने
- एल.जि.सि.डि.पी. संयन्त्रलाई सामाजिक उत्तरदायित्वको प्रयोगमा धेरै भन्दा धेरै प्रयोग बढाउने
- सुशासन स्थापना तथा सेवा प्रवाहको स्तरलाई थप बलियो बनाउन नगरपालिका भित्र भएका वडाहरु र विषयगत कार्यालयहरु माझ समवन्य बैठक गर्ने
- नगरपालिका भित्र सरसफाई कार्यक्रम विशेष प्राथमिकता साथ संचालन गर्ने
- स्थलगत अवलोकन तथा अनुगमनलाई नियमित र प्रभावकारी बनाउने

**८) संगठन संरचना**



## १. पृष्ठभुमी :

पर्सा जिल्ला मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने तराईका जिल्लाहरु मध्येको एक जिल्ला हो । यसको पुर्वमा बारा जिल्ला, पश्चिम र दक्षिणमा भारतको सिमाना तथा उत्तरमा मकवानपुर र चितवन जिल्लाको सिमाना संग जोडिएको छ । यस जिल्ला अन्तर्गत ६६ गा.वि.स., एक उपमहानगरपालिका, एक नगरपालिका र ६ वटा निर्वाचन क्षेत्र रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल १३५३ वर्ग किलोमिटर रहेको छ भने यहाँ कूल घरधूरी १५५३६ मा २८८६५९ महिला ३१२३५८ पुरुष गरी जम्मा ६०१०१७ मानिसहरुको बसोबास रहेको छ । यो जिल्ला कृषिमा आत्म निर्भर रहेकोले यहाँको कूल साक्षरता ६५.९ प्रतिशत रहेकोमा महिला साक्षरता ५७.४ प्रतिशत रहेको छन भने पुरुष साक्षरता ७५.१ प्रतिशत रहेको छ । यस जिल्लाको प्रमुख पर्यटकिय क्षेत्र तथा ऐतिहासिक तिर्थस्थल रहेको स्थानहरु अलौ, विन्धवासिनी, बीरगंज, महुवन, बैरियाविर्ता, गादी, सेढवा, ठोरी, घडिआर्वा पोखरी, पारसनाथ मन्दिर, गहवा माई मन्दिर, विर्ता मन्दिर, बौद्ध भिस्वा चैत्य,रामभौरी भाठा, पर्सा वन्यजन्तु आरक्षण, शंकरचार्यद्धार, घण्टाघर रहेको छ ।

## २. नगरपालिकामा सेवा प्रवाहको अवस्था :

नगरपालिकामा विषयगत कार्यालयहरुले चालु वर्ष अर्थात आ.व. २०७१/०७२ भरि गरेका सेवाको प्रवाहको अवश्था पहिलाको आ.व. भन्दा निकै राम्रो रहयो । यस वर्षमा सेवाग्राहीहरुलाई सेवा लिन सजिलो तथा छिटो छरितो होस भन्ने विषयलाई ध्यानमा राखी विभिन्न सेवाका किसिमका प्रकारहरुलाई कम्प्यूटराईज गरियो, सेवाका किसिमलाई Digital Technology लागु गरि सार्वजनिक गरिनुको साथै सेवाग्राहीहरुको किसिमलाई ध्यानमा राखी गर्मी नहोस् भने पंखा राखियो, बस्नको लागि व्यवस्था मिलाइयो, कार्यालयको वातावरणलाई हरियो बनाईयो । यस वर्षको प्रमुख घटनाको रुपमा भुकम्प रहेको छ र यस बेला तुरुन्त पिडितहरुलाई सेवा प्रवाह गर्नमा केही कठिनाईहरु देखिए । सकरात्मक प्रयासको रुपमा यसबाट कस्री बच्न तथा जोगिन सकिन्छ भने विषयबारे टोल टोलमा ध्वनि संदेशको प्रयोग गरिएको छ । विपद पछिको राहत वितरणको लागि नगरपालिकाले आफनो व्यवस्थापनबाट केही सामाग्रीहरु जुटाउनुको साथै सेवाग्राहीहरुको सेवामा पहुँच होस् भने कार्यालय त्यस विपद अवश्थामा पनि खोलियो । सुधार गर्ने पक्षमा यस्ता किसिमका प्रकृतिक विपदबाट जोगिन तथा बच्नको लागि बेला बेलामा विभिन्न माध्यमको व्यापक प्रयोग गरी जनचेतना फैलाउन जरुरी देखिएको छ । अचानक हुने यस किसिमका घटनाहरुबाट सुरक्षा प्रदान गर्न यस कार्यालयमा नगर स्तरिय आपालकालिन सेवा कोषको पनि स्थापना भएको छ र यस आ.व. मा यसले २,००,०० रकम पनि खर्च गरेको छ भने आगामी आ.व. को लागि रकम रु. ५,००,००० नगर परिषदबाट पारित भएको छ ।

## ३. स्थानीय निकायमा सेवा प्रवाहको अवस्था :

सुशासन कायम गर्नको लागि नगरपालिकामा सामजिक उत्तरदायि औजारहरुको सक्रिय रुपमा प्रयोग हुदै आएको छ । जस अन्तर्गत नगरपालिकाले वडा नागरिक पत्र, गुनासो तथा सुचना पेटिका, सुचना अधिकारी, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाईको व्यापक प्रयोग गर्दै आएको छ । यस वर्ष नगरपालिका विकास परियोजना अर्न्गात ४ वटा मुख्य दातृ निकायहरुबाट नगर विकासको लागि अनुदान प्राप्त भएको छ । जस अर्न्गात सडक बोर्ड नेपालबाट रकम रु. ९५,२०,०८४.२६, स्थानीय विकास मन्त्रालयबाट जगेडाकोषको रुपमा रकम रु. २,९२,९२,४४१.२९, नगर विकास कोषबाट रकम रु. २०,७८,०८७.६९ र एल.जि.सि.डि.पि. बाट रकम रु. १,५५,११,१०० प्राप्त भएको छ । कार्यालय खुल्ने अवधि भरि नगरपालिकाका वडा सचिवहरु कार्यालयमा उपस्थित भई

वडावासीहरुमा सेवा प्रवाह गरेका छन् । यस वर्षमा नगरपालिकाको कुल स्वीकृत योजना २९४ जस मध्ये सम्पन्न योजनाहरु ९८ र निर्माणधीन योजनाहरु १९६ रहेको छ । नगरपालिकाको कार्यालयमा प्राविधिकको व्यवस्था तथा परिचालन सक्रियता भएता पनि वडाहरुमा प्राविधिकहरुको व्यवस्था नरहेको अवश्था छ । नक्शा पास तथा भवन आचार संहिताको पालना र परियोजनाहरुको कार्यावन्यनमा गरिने न्युनतम प्रकियाहरु जस्तै पुर्व सम्भावना अध्यन तयारी, लागत अनुमान तयारी र उपभोक्ता समिति गठन कानुन तथा नियम बमोजिम पालना हुदै आएको छ । नगरपालिकामा संचालन भएको प्रत्येक आयोजनाहरुको नियमानुसार उपभोक्ता समिति गठन गरि कार्यावन्यनमा रहेको छ तर सो समितिका सबै पदाधिकारीलाई अनुशिक्षण नगरेको अवश्था देखियो । संचालन हुने प्रत्येक आयोजनाहरुको बढिमा ६ पटक अनुगमन हुदै आएको छ ।

## ४. सुशासन स्थापनाका लागि भएका सकारात्मक प्रयासहरु :

नगरपालिकाले सुशासन स्थापना गर्न र त्यसलाई प्रभावकारी ढंगले संचालन गर्न धेरै सकरात्मक प्रयासहरु गर्दै आई रहेको छ । नागरिक समाजका नागरिकहरुलाई स्थानीय निकायबाट भई रहेको सेवा तथा कार्यहरुलाई नियम पुर्वक उत्तरदायि औजारहरुको प्रयोग गरी गतिविधिहरुबारे सुचित गर्दै आई रहेको छ जस कारण सेवाग्राही र नगरपालिका बिच एक विश्वासको सम्बन्ध कायम भई रहेको छ । नगरपालिकामा भएका सबै वडाहरु माफ अनिवार्य समन्वय बैठक गरी सेवालाई गुणस्तरिय तथा प्रभावकारी बनाउँदै आई रहेको छ । सुचना सबको अधिकार नियमलाई पालना गर्दै वीरगंजका ठाउँ ठाउँमा सुचना पार्टीको पनि व्यवस्था गर्दै आईरहेको छ । प्रत्येक वडाहरुमा संचालन भएका एल.जि.सि.डि.पी. को संरचनालाई पनि प्रभावकारी ढंगले संस्थागत गर्दै संचालन गरिरहेको छ भने एल.जि.ए.एफ. संचालन गरिरहेको संस्था सँग निरन्तर समन्वय गरि सुशासन कायम गर्न थप सहयोग पाई रहेको छ । नगरपालिकाले आफनो कार्यालय भित्र भईरहेको आम्दानी खर्चहलाई सुचना पाटीको प्रयोग गरी सार्वजनिक गर्दै आईरहेको छ । यस आ.व. मा नगरपालिकाको १९ वटै वडाहरु लगायत ११ वटा नयाँ थप भएका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको अवश्था पुर्ण रुपले लक्षित वर्गमा पुरयाएको छ । आफनो कार्यक्रममा बेला बेला जिल्लामा भएका सेवा प्रदायक संघ संस्थाहरुलाई थप जोस र जागरण प्रदान गर्न प्रोत्साहित गर्ने, पुरस्कार वितरण गर्ने, सम्मान प्रसंशा आदि जस्ता क्रियाकलापहरु गर्दै आएको छ । कार्यक्रम तथा सेवा अनुरुप नगरपालिकाले छानबिन कार्यवाही, असुल उपर, क्षतिपूर्ति, सुशासनको जिल्लाको अवस्था सुधारका लागि सम्बन्धित निकायहरुको अनुगमन पनि गर्दै आएको अवश्था छ । मानव अधिकार हक हित तथा संरक्षण्को लागि नगपालिकालाई सहयोग गर्दै आएका तथा सेवाग्राहीहरुको अधिकारमा पहुँच बढाउनको निम्ति नागरिक समाज र गैरसरकारी संघ-संस्थाहरुले बेला बेलामा विभिन्न सामाजिक घटनाहरु सार्वजनिक गर्दै आएका छन् । यस आ.व. मा नगरपालिकाले खुल्ला दिशा मुक्त नगरपालिका घोषणा गर्नको लागि विभिन्न रचनात्क ढंगले क्रियाकलापहरु गरेको छ ।

# परिच्छेद दुई

# नगरपालिकाको कार्य सम्पादनको अवस्था

### १. नगरपालिकाको कार्यसञ्चालन तथा सम्पादनको अवस्था :

***सहभागितामूलक योजना तर्जुमा प्रकृया र कार्यान्वयन, अनुगमन तथा मूल्याँकनः*** पर्सा जिल्लाको गा.वि.स.,नगरपालिका र जि.वि.स.को कार्य सञ्चालन तथा सम्पादनको कमःमा बस्तिस्तरबाट बस्तिस्तरीय भेलामा ना.व.मं.रना.स.केन्देको सहभागीता,राजनिती पार्टी प्रतिनिधीहरुको उपस्थितीमा सामाीजक परिचालनको माध्येद्धारा बस्ती स्तरको योजनाहरु छनौट भई नियमावी अनुरुप कार्यन्वयनको अवस्थामा रहेको । स्थानिय शासन तथा सामुदायिक विकास(LGCDP) कार्यकम लागु नभएको गा.वि.स.र न.पा.को वर्डाहरुमा समावेशी र सहभागीतामुलक योजना तर्जुमा नभएको अवस्था रहेको थियो । स्थनीय निकायहरुको धेरै जस्ता परियोजनाहरु उपभोक्ता समिति र ठेक्का मार्फत कार्यन्वयन भएको । उपभोक्ता समिति अन्तरगत संचालित परियोजनाको अनुगमन समिति गठन भएको तर सकृयतामा कमि रहकोले परियोजनाको गुणस्तरमा कमी देखिएको । गा.वि.स.को कममा गा.वि.स.स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति धेरै जसो गा.वि.सहरुमा गठन नभएको र गठन भएता पनि सकियता नरहेको अवस्था देखिन्छ । नगरपालिकाको हकमा राजनितीक पार्टी प्रतिनिधीहरुलाई समावेश गरि समिति गठन गर्नु पर्ने तर बीरगंज उ.मा.न.पा.को हकमा यस विषयमा विवाद भई हाल सम्म पनि समिति गठन हुन नसकेको । जिल्ला विकास समिति र पोखरीया नगरपालिकाको हकमा समिति गठन भएको तर पुर्ण सकियता नदेखिएको ।

### २.योजना निर्माण प्रक्रियामा जनसहभागिता :

**(समावेशी सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया ,बजेट व्यवस्थापन र कार्यान्वयन, अनुगमन र निरीक्षण)**

स्थानीय स्वायत शासन ऐन २०५५ तथा यस सम्बन्धी नियमावली २०५६ र विकेन्द्रिकरणको भावना अनुरुप बस्ती स्तरदेखी जनताको चाहना र माग अनुरुप योजनाहरु छनौट गर्ने निधारित प्रतिकया योजनाका १४ चरण बमोजिम पुर्व योजना तर्जुमा गोष्ठि , बस्ति तथा वडा स्तर भेला, नगर परिषद, विषयत योजना तर्जुमा समितिको बैठक , एकीकृत योजना तर्जुमा समितिको बैठक ,नगरपालिका बैठक हुदै वडा तथा नगर परिषदेमा पेश भएर Bottom Up Approch को आधारमा योजना तयार गरिएको छ र समयमा नै परिषद् सम्पन्न भएको अवस्था छ । सामाीजक परिचलन भएको न.पा.का वडाहरुमा वडा नागरिक मन्चको भुमिका योजना संकलन र प्राथमिकरणमा सकिय रहेको छ साथै नागरिक सचेतना केन्द्र र लक्षित बर्गको योजना तर्जुमा अर्थपुर्ण सहभागी र सकियता रहेको छ ।

| वनामले सिफारिस गरेका योजना संख्या | वनामले सिफारिस गरेका मध्ये नगर स्तरीय एकिकृत योजना तर्जुमा समितिले प्राथमिकिकरण गरेका योजना संख्या | एकिकृत योजना तर्जुमा समितिले प्राथमिकिकरणगरेका योजना मध्येबाट गाविस परिषद्ले स्विकृत गरेको संख्या |
|---|---|---|
| १९ वडा (संख्या : ४८६ वडा तथा नगर स्तरिय योजना गरि) | ८५ | ८५ |

**३.वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सक्रियता :**

नगरपालिकामा संचालन भएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्गत गठन भएका वडा नागरिक मञ्च महिनाको १ र नागरिक सचेतना केन्द्रहरुको महिनाको ४ पटक समन्वय बैठक बसी विभिन्न मुद्धाहरुमा छलफल गरी सो वापत विकासको कार्य योजना बनाई कार्यक्रम कार्यावन्यन गर्दै आएका छन् । वनाम र नासकेका प्रतिनिधीहरुको शैक्षिक अवश्था कमजोर भएको कारण स्थानीय स्वायत्त शासन ऐन, नियमावलीले गरेका व्यवस्थाबारे उनीहरुको बुझाई अलि कमजोर भएकोले त्यति प्रभावकारी देखिएको छैन् तर योजना कार्यान्वयन, अनुगमनमा उनीहरुको सहभागिता सक्रिय देखिन्छ र हाल सम्म नगरपालिकामा वडा तथा नगर स्तरिय सुपरिवेक्षण तथा अनुगमन समिति गठन नभएको कारण योजनारुहको अनुगमनमा त्यस निकायबाट नभएको अवश्था देखा परेको छ । वनामका सदस्यहरु सार्वजनिक परिक्षणमा सहभागिता देखिएको छ भने नागरिक निगरानीको भुमिकामा अझै थप क्षमता विकासको आवश्यकता भएको हुदाँ पुर्ण रुपमा सक्रियता नभएको अवश्था छ ।

**५. उपभोक्ता समितिको अवस्था :**

नगरपालिकामा संचालित परियोजनाहरु दुई प्रकारबाट कार्यान्वयनमा रहेको छ । पहिलो उपभोक्ता समिति मार्फत र दोस्रो ठेक्का मार्फत हुने गरेको र उपभोक्ता समिति मार्फत हुने परियोजनाहरुमा धेरै जसो उपभोक्ता समिति कार्यविधि अनुरुप समावेशी प्रतिनिधित्वको आधारमा गठन भएको देखिन्छ । प्राविधिकको लागत अनुमान अंग्रेजी भाषमा भएका कारण उपभोक्ता समितिका सबै पदाधिकारीहरुलाई लागत अनुमान सो भाषमै उपलब्ध भएको हुन्छ तर धेरै जस्ता उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना कार्यान्वयन ,सन्चालन र मर्मत संभार सम्बन्धी अनुशिक्षण पाएका छैनन । नियमावली अनुसार ३ पटक सार्वजनिक परिक्षण गर्नु पर्ने तर चलन चलतीमा १ पटक मात्र सार्वजनिक परिक्षण हुदै आएको छ ।

**६. लक्षित वर्गको वजेट विनियोजन तथा खर्चको अवस्था :**

कार्यविधि अनुसार नगरपालिकाले लक्षित वर्गलाई गरेको बजेट विनियोजनाको अवश्था कार्य विधि अनुसार रहेको छ अर्थात आ.व.२०७१/०७२ मा लक्षित वर्गहरु अन्तरगत ३५ प्रतिशत रकम विनियोजन गरिएको छ । विशेष गरि पुर्वाधार विकास ,क्षमता विकास ,शिप विकास र संस्थागत विकासकामा विनियोजन गरिएको र जसमध्ये क्षमता विकास ,संस्थागत विकास र शिप विकासहरुमा बढी खर्च गरिएको पाईयो र बी.उ.मा.न.पा.ले लक्षित बर्गको रकमलाई ADB को परियोजना अन्तरगत शहरी विकास कार्यमा विनियोजना गरिएको अवस्था रहेको छ ।

| लक्षित वर्गलाई विनियोजनको अवश्था प्रतिशत | लक्षित वर्ग बजेटको खर्च प्रतिशत | प्रवर्द्धनात्मक शीर्षकमा बजेट विनियोजन अवश्था |
|---|---|---|
| विपन्न महिला आदि १० प्रतिशत रु.१ करोड | ८.३३ प्रतिशत (रु. ८३३,७६५ खर्च रकम) | |
| विपन्न, दलित, जनजाति आदिवासी आदि १५ प्रतिशत रु.१.५ करोड | १३.०१ प्रतिशत (रु. १९५,२५६३ खर्च रकम) | |
| विपन्न बालबालिका १० प्रतिशत रु.१ करोड | ७.९६ प्रतिशत (रु. ७९६,९४६ खर्च रकम) | |

**७. स्थानीय निकाय अन्तर्गतका (जिविस नगरपालिका र गाविस) भित्र विभिन्न समिति, उपसमितिहरुको क्रियाशीलताको अवस्था :**

नगरपालिकामा मुख्य १) सार्वजनिक निजी साझेदारी तथा प्रवद्धन समिति २) नगर सामाजिक परिचालन समन्वय समिति ३) पदपुर्त्ति समिति ४) योजना अनुगमन समिति ५) योजना तर्जुमा समिति र ६) राजश्व परामर्श समितिहरु पुर्ण रुपले सक्रियताका साथ क्रियाशिल भई कार्यापन्यन गरि रहेका छन् ।

# परिच्छेद तीन

## न्युनतम शर्त तथा कार्यसम्पादनको मापनमा स्थानीय निकायः

यस आ.व. २०७०/०७१ मा नगरपालिकाको विभिन्न सेवाको क्षेत्रहरुको न्युनतम शर्त तथा कार्य सम्पादनको मापन गर्दा आएको परिणाम सफल भएता पनी नम्बर कम आएकोले आफनो विकास परियोजनाको बजेटमा १५ प्रतिशत कटौती गरेको छ ।

**३.१ नगरपालिकाको कार्यसम्पादनको अवस्था :**
नगरपालिकाको कार्य सम्पादनमा सुचकहरुको कार्यावन्यनको अवश्था क्षेत्र अनुसार देह्रय बमोजिम रहेको छ
क्षेत्र नं. १) स्थानीय शासन कार्य क्षेत्रमा प्राप्त अंक १४
क्षेत्र नं. २) वीत्तीय श्रोत्त परिचालन तथा व्यवस्थापन कार्य क्षेत्रमा प्राप्त अंक १६
क्षेत्र नं. ३) योजना तथा कार्यक्रम व्यवस्थापन कार्य क्षेत्रमा प्राप्त अंक १३
क्षेत्र नं. ४) संगठन तथा जनशक्ति विकास कार्य क्षेत्रमा प्राप्त अंक ५
क्षेत्र नं. ५) शहरी आधारभुत सेवा व्यवस्थापन कार्य क्षेत्रमा प्राप्त अंक ९
यसरी नगरपालिकाले ५ वटा विभिन्न कार्य क्षेत्रमा जम्मा ५७ अंक प्राप्त गर्न सफल भएको छ, तर अंक तथा गरेको कार्य मापन अनुसार कमजोर देखिएको हुनाले आगामी आ.व. को लागि १५ प्रतिशत रकम कट्टा गरिएको छ ।

# परिच्छेद चार

# स्थानीय शासनमा पारदर्शिता र जवाफदेहिता :

**१. जिल्ला भित्रका उत्तरदायित्व अनुगमन सम्बन्धमा कार्यगरीरहेका गैसस एवं नागरिक समाजका संस्थाहरु , क्रियाकलापहरु र कार्यक्षेत्र** (गाविस, नपा, संभव भएसम्म वडा र वस्ती समेत खुल्नेगरी)

| क.सं. | उत्तरदायित्व अनुगमन संस्था | क्रियाकलापहरु | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | सामाजिक संस्था जिल्ला समन्वय समिति,पर्सा | • जिल्ला स्तरीय अनुशिक्षण कार्यक्रम एक पटक<br>• नगरपालिका स्तरीय अनुशिक्षण कार्यक्रम प्रत्यकमा एक पटक<br>• गाऊँ विकास समिति स्तरीय अनुशिक्षण कार्यक्रम प्रत्यकमा एक पटक<br>• रेडियो कार्यक्रम साप्ताहिक रुपमा सात महिना<br>• ब्राउसर छपाई २ पटक १००० प्रतिका दरले<br>• जिल्ला स्तरको बहस कार्यक्रम एक पटक<br>• नगरपालिकामा सिकाई आदान प्रदान तथा पुनरावलोकन बैठक (वनाम,एकिकृत योजना तर्जुमा समिति, नगर सामाजिक परिचालन समिति को सहभागीतामा एक नपामा २ पटक)<br>• गाविसमा सिकाई आदानप्रदान ५ गाविसमा ३ पटक<br>• छनौट गरिएका गाविसमा वडा नागकि मन्च, नागरिक सचेतना केन्द्र र सामाजिक परिचालक गरी २५ जनाको सहभागीतामा जवाफदेर्हिताका औजारहरुमा एकदिने तालिम ।<br>• छनौट गरिएका नगरपालिकामा वडा नागकि मन्च, नागरिक सचेतना केन्द्र र सामाजिक परिचालक गरी २५ जनाको सहभागीतामा जवाफदेर्हिताका औजारहरुमा एकदिने तालिम ।<br>• छनौट गरिएका प्रत्येक गाविसमा नागरिक दायित्व सम्वन्धी समुदायमा आधारित सचेतिकरण कार्यक्रम संचालन (साप सहित ३० सहभागी) | वी.उ.म.न.पा. र पोखरीया नगरपालिका |

| | | | |
|---|---|---|---|
| | | • छनौट गरिएका प्रत्येक नगरपालिकामा नागरिक दायित्व सम्वन्धी समुदायमा आधारित सचेतिकरण कार्यक्रम संचालन (साप सहित ३० सहभागी)<br>• अध्ययन तथा प्रक्रियागत अनुगमनबाट पत्ता लागेका विषयवस्तुमा जानकारी दिने उद्येश्यले वडा नागरिक मन्चको प्रतिनिधि, नागरिक सचेतना केन्द्र प्रतिनिधि, गाऊँ विकास समिति अनुगमन तथा सुपरिवेक्षण समिति, नगरपालिका अनुगमन तथा सुपरिवेक्षण समिति, राजनितिक दल तथा स्थानीय निकायका कर्मचारीको सहभागीतामा ह्जबचष्लन कार्यक्रम संचालन ।<br>• जिल्ला स्तरमा अन्तिम नतिजा प्रसारण कार्यक्रम संचालन । | |
| २ | अरुणोदय युवा क्लब | स्थानीय शासन तथा सामुदायिक विकास कार्यकम | वी.उ.म.न.पा. का १,२,३,१०,११,१२,१३,२०,२२ र २८ नं का वडाहरु |
| ३ | दिव्य युवा कलब | स्थानीय शासन तथा सामुदायिक विकास कार्यकम | वी.उ.म.न.पा. का ६,७,८,९,१७,२१,२३,२४,२५ र ३० नं का वडाहरु |
| ४ | समाज विकास समन्वय समिति, बिरगज | स्थानीय शासन तथा सामुदायिक विकास कार्यकम | वी.उ.म.न.पा. का ४,५,१४,१५,१६,१८,१९,२६,२७ र २९ नं का वडाहरु |

## २. नागरिकप्रतिको जवाफदेहिता वृद्धि गर्ने संयन्त्र Tools को कार्यान्वयनको अवस्था :

बीरगंज उ.मा.न.पा.को ले समय समयमा जवाफदेहिता औजारहरुको प्रयोग गरि संचालन गरिएका सार्वजनिक परिक्षण ,सार्वजनिक सुनाई, सामाजिक परिक्षणहरु गरेका र नागरीक वडा पत्रको ब्यवस्था राम्रो रहेका साथै सुचना संयन्त्रको ब्यवस्थापन जस्ता प्रकृया र औजारहरुको मार्फत केही हद सम्म नागरिक प्रतिको जवाफदेहितामा बृद्धि भएको देखिन्छ । साथै वडाहरुको हकमा हेर्ने हो भने उत्तरदायी औजारहरुको परिपालनको अवश्थामा कमि देखिएको हुदा नागरिकप्रतिको जवाफदेहितामा कमि रहेको देखिन्छ ।

## २.१ सार्वजनिक निकायहरुले सञ्चालन गरेका संयन्त्रहरु Tools को कार्यान्वयनको अवस्था

- **सार्वजनिक सुनुवाई:**सार्वजनिक सुनुवाई स्थानीय निकाय सार्वजनिक परीक्षण कार्य विधि २०६७ लाई पालना गर्दै नियमानुसार यस कार्यालयले प्रत्येक आ.व. मा ३ पटक गर्दै आएको छ । सो कार्यक्रममा लक्षित वर्गहरुबाट सोधिएको प्रश्नहरुलाई उपस्थित भएको प्रतिनिधिहरुको सहयोगमा सम्बोधन गर्दै समाधान गरिनुको साथै अभिलेख तयार तरी माथिल्लो तथा सम्बन्धित निकायमा फछ्र्यौट गरिन्छ ।

  **सार्वजनिक परिक्षण:** नगरपालिकाले स्थानीय निकाय सार्वजनिक परिक्षण कार्यविधि २०६७ लाई पालना गर्द पारदर्शि रुपमा सार्वजनिक परिक्षण नियमित गरँउदै आएको छ र सो को प्रतिवेदन तयार गरी कार्यालयमा राख्ने तथा विभिन्न माध्यमहरु जस्तै एफ.एम., पत्रपत्रिका आदि प्रयोगमा ल्याई भएको गतिविधिहरुबारे सार्वजनिक पनि गर्दै आएको छ ।

  **सामाजिक परिक्षण:** नगरपालिकाको कार्यालयले स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ लाई पालना गर्दै नियमित रुपमा सामाजिक परिक्षण गराउँदै आएको छ र यस वर्ष पनि पहिलो चौमासिक भित्र गर्ने तयारीको क्रममा रहेको छ ।
- **नागरिक वडापत्र :** नगरपालिकाले नागरिक वडा पत्र व्यवस्थित तरिकाले सेवाग्राहीहरुलाई बुझिने तथा देखिने ठाउँमा कार्यालयको अगाडि राखेको छ, साथै विभिन्न वर्ग जस्तै कम सुन्ने सेवाग्रहीहरुलाई ध्यानमा राखी ध्वनी सहितको वडापत्र राख्नुको साथै इलेक्ट्रोनिक नागरिक वडा पत्र पनि व्यवस्था गरि सेवा प्रवाह गरि रहेको अवश्था छ ।
- **अन्य जवाफदेहिता वृद्धि गर्ने संयन्त्रको कार्यान्वयनको अवस्था :** यसमा नागरिक प्रतिवेदन पत्र (Citizen Report Card ), सामुदायीक अंक पत्र (Community Score Card) र सार्वजनिक खर्चको सोधखोज तथा पालना अनुगमन (Public Expenditure Tracking Survey & Compliance Monitoring) कार्यान्वयन नभएको अवश्था रहेको छ ।

## २.२ नागरिक समाजका संघ संस्थाहरुले सञ्चालन गरेका अन्य Tools संयन्त्रहरुको अवस्था

- **CRC**: यसमा नागरिक प्रतिवेदन पत्रको निश्कर्ष राख्ने ।
- **Exit poll :** जिविस, नपा, गाविसमा गरिएको बहिर्गमन अभिमत पत्र, संकलन र विश्लेषण

एल.जि.ए.एफ कार्यक्रम संचालक संस्था सामाजिक संस्था जिल्ला समन्वय समिति,पर्साले नागरिक सचेतना केन्द्र,व.ना.म.वर्डा कार्यालयका प्रतिनिधिहरु र सामाजिक परिचालकहरुलाई सामाजिक उत्तरदायि औजारको प्रयोग र सोको परिपालना बारे जानकारी तथा क्षमता विकास गर्ने गरेको ।

## २.३ स्थानीय निकायमा गुनासा सुनुवाई सम्बन्धी व्यवस्था : सुशासन सम्बन्धी ऐन, नियम र स्थानीय निकाय स्रोत परिचालन व्यवस्थापन कार्यविधी, स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधिहरु २०६७ (परिच्छेद २, २.२ र २.३)

नगरपालिकाको कार्यालयले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधिहरु २०६७ को परिच्छेद २, २.२ र २.३ मा देहाय बमोजिम गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको, सार्व साधारणको पीर मार्का सुन्ने र तत्सम्बन्धि

विषयलाई जिम्मेवार अधिकारी समक्ष पुरयाउने जस्ता कार्य गर्दै आएको छ । तर गुनासो पेटिका प्रवेशद्वारमै नराखी कार्यालयको भित्री प्रांगमा राखिएको छ । धेरै जसो गुनासोहरु तत्कालनै छलफल तथा परमर्श विधि अपनाई समाधान गरिन्छ भने केही गुनासोहरु सम्बन्धि फाँटमा पेश गरी आवश्यक पहलहरु गर्ने गरिन्छ । साथै गुनासोहरुको अभिलेख धेरै नै कमजोर रहेको अवश्था देखिएको छ ।

**२.४ सूचना अधिकारीको व्यवस्था र स्थानीय निकायको सञ्चार र पारदर्शि सम्बन्धी अभ्यास : सूचना सम्बन्धी ऐन, नियमावली र स्थानीय निकाय स्रोतपरिचालन, व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ९ सुशासन सम्बन्धी व्यवस्था ४९** (६)

नगरपालिकाको हकमा सुचना अधिकारीले नियम पुर्व तोकी सुचनाको हक सम्बन्धी नियमपुर्वक परिपालना गरेको अवस्था छ । बेलाबेलामा संचार माध्येमको सहयोग लिई नगरपालिकाले प्रवाह गर्ने शेवाहरुका बारेमा जनाकारी दिने र पारदर्शी बनाउने कार्यहरु भएको छ ।

**२.५ वित्तीय जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था : (आम्दानी, खर्च मासिक रुपमा सार्वजनिक गर्ने अवस्था, मलेपको लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरेको, परिषदमा छलफल गराइ आवश्यक सुधारका निर्णय, गाविसको खाता सञ्चालनको अवस्था (जिविसका कर्मचारीलाई खाता सञ्चालनमा राख्न नहुने सम्बन्धी निर्णय कार्यान्वयनको अवस्था)**

वित्तीय सम्बन्धि आम्दानी, खर्च मासिक रुपमा सार्वजनिक, मलेपको लेखापरीक्षण प्रतिवेदन तयार पार्ने, परिषदमा छलफल गराइ आवश्यक सुधारका निर्णयहरु संकल्न गरि सो माथि कार्यावन्यन गर्ने, नगरपालिकाको खाता सञ्चालन, एकिकृत सम्पति कर कार्यावन्यन, नगरपालिकाको कर, दस्तुर, दण्ड, जरिवाना, लगायत राजश्वका स्रोतहरु र तिनीहरुको आम्दानीको व्यवस्थापन तथा पारदर्शिता जस्ता कार्यहरु नियमपुर्व गर्दै आएको अवश्था रहेको छ ।

# परिच्छेद पाँच

# अन्तरसम्बन्ध र समन्वय

### ५.१ ठाडो समन्वय (Vertical Coordination) :

नगरपालिकाको कार्यालयले नगरपालिका भित्र भएका सम्पुर्ण वडाहरुलाई अनिवार्य रुपमा मासिक एक पटक समन्वय बैठक संचालन गर्दै आएको अवश्था छ । यस प्रकारको बैठकमा विभिन्न वडाहरुमा भई गतिविधिहरु बारे छलफल गरिनुको साथै प्रवाह भई रहेको सेवाहरुको किसिममा आई परेका चुनौती तथा समाधानका उपायहरुबारे छलफल गरिन्छ । साथै कुन वडाहरुमा कस्ता किसिमका कार्य भई रहेको छ भने विषयलाई केन्द्र बिन्दु बनाई वडाहरुमा अनुगमन गर्ने रणनिती पनि यस समन्वय बैठकबाट तय गरिन्छ ।

### ५.२ तेर्सो समन्वय (Horizontal Coordination):

नगरपालिका स्थित समान हैसियतका कार्यालयहरुको समन्वय हेर्दा समय समयमा बैठक हुने गरेको र सेवाको प्रकारको आधारमा विभिन्न समिति र उपसमिमितहरु नगर स्तरीय बैठक मार्फत समन्वय र सहकार्यहरु हुने गरेको । जिल्लामा संचालित कार्यक्रमहरुलाई एकिकृत रुपमा लैजान पनि जिल्ला विकास समितिको नेतृत्वमा विषयगत कार्यालयहरु संग बैठक बसि उनिहरुको योजना लिई नगर विकासको योजनामा समावेश गर्ने गरेको ।

### ५.३ गैरसरकारी संघसंस्था तथा नागरिक समाजसँगको समन्वयः

यस कार्यालय गैर सरकारी संघसंस्थाहरु संगको समन्वयका लागि प्रत्येक बर्ष विज्ञापन मार्फत संघ संस्थाहरुलाई सुचिकृत गर्ने प्रावधान रहेको छ र नगरपालिकाको संघ संस्थाहरु मार्फत कुनै पनी कार्यहरु गर्दा सुचिकृत भएका संस्थाहरुलाई मात्र कार्यक्रमहरु दिने गरेको छ साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले गरेको प्रतिबद्धताहरु पुरा गर्न पनि यस कार्यालयले विभिन्न संघ संस्थाहरुसंग बेलावालमा समन्वय गरि कार्यक्रमहरु गर्ने गराउने गरेका छन् ।

### ५.४ सञ्चार माध्यमसँगको समन्वय :

नगरपालिकाको हकमा सञ्चार माध्यम र स्थानीय निकाय लगायत सार्वजनिक मेडिया निकायहरुको माझ समन्वयको अवश्था एकदमै राम्रो रहेको छ । नगरपालिकामा भएका विभिन्न एफ.एम.हरु जस्तै रेडियो वीरगंज, नारायणी एफ.एम., ईन्द्रेणी एफ.एम जस्ता मेडिया पार्टनहरु सँग समन्वय गरी नगरपालिकाको कार्यालयले बेला बेलामा भई रहेको आफनो कार्यालयको गतिविधिहरु प्रसारण गर्दै आएको छ साथै नगरपालिकामा भएका एक दर्जन भन्दा बढि प्रिन्ट मिडिया सँग समन्वय विस्तार गरी आफनो गतिविधिहरु सार्वजनिक गर्दै आएको छ । पत्रकार महासँघ सँगको संस्थागत समन्वय पनि राम्रो देखिएको छ र बेला बेला हुने पत्रकारिता पुरस्कारमा स्थानीय निकायले आफनो लगानी पनि गर्दै आएको छ ।

# परिच्छेद छ

# निष्कर्ष तथा सुझावहरु

यस प्रतिवेदन तयारी गर्दाको अवस्था सम्ममा बीरगंज उ.मा.न.मा.को हकमा सुशासन स्थापनाको अवस्थालाई हेर्दा शन्तोषजनक भएता पनि सुशासन प्रवर्द्धन गर्नका लागि केही सुचकहरुमा विशेष प्राथमिकताका साथ अगाडी बढनु पर्ने देखिन्छ जस्ताः उत्तरदायि औजारहरुको परिपालनाको अवश्था , सेवा ग्राही र सेवा प्रदायकको समन्वयको अवस्था ,अनुगमन समितिको सक्रियता, गत २०७०/०७१ न्युनतम शर्त तथा कार्यसम्पादनको मापनमा सफलता भएता पनि अंक कम भएकोले १५% रकम कम भएकोले यस अवस्थालाई ध्यान दिई आगामी कार्यहरु गर्दा कार्यहरुको गुणस्तरता बृद्धि गरि कार्यहरु गर्नु पर्ने देखिन्छ । सुशासन स्थापनको लागि केही आवश्यक सुझावहरु यस प्रकार रहेको छ ।

सुझावहरु

- सेवाको किसिमले दक्ष कर्मचारीहरुको व्यवस्थापन गर्नु पर्ने ।
- स्थलगत अवलोकन तथा अनुगमनलाई नियमित र प्रभावकारी बनाउनु पर्ने ।
- न्युनतम शर्त तथा कार्यसम्पादनको मापनको सुचकलाई ध्यानमा राखि योजना तर्जुमा र कार्यान्वय गर्नु पर्ने ।

- स्थानिय स्तर देखिनै सुशासन प्रवर्द्धन गर्नका निमित एल.जि.सि.डि.पी.कार्यक्रमका संरचानाहरुलाई सुशासन सम्बन्धी क्षमता अभिबृद्धी गर्दै क्षमता विकास गर्नु पर्ने ।
- उत्तरदायि औजार अन्तरगत सुचना,गुनासो तथा गुनासो फछ्र्यौट जस्ता क्षेत्रहरुको संस्थागत विकास गरि अभिलेख राख्ने कार्यहरु गर्नु पर्ने

Some Pictures of good Governance actions in Birgunj SMC :





EO (Mr. Bishnu Koirala) addresses the municipal council, F.Y. 2072/73 ; Participates interacting during municipal council.



ODF orientation to municipal staffs…



LGAF programme orientation to municipal staffs.



वी.उ.म.न.प.का कर्चचारीहरुलाई विपद जोजिम न्यूनिकरण सम्बन्धी अर्न्तक्रिया कार्यक्रम



पर्सा जिल्लामा LLP तालिमको जिविसको सभा हलमा समिक्षा गर्दै ।

- Facilitation by : Bitu Shreevastav / UGE

| <u>सहयोगी</u> | <u>तयार गर्ने</u> | <u>स्वीकृत गर्ने</u> |
|---|---|---|
| अनुरोध साह | सुनिल कु. कर्ण | यज्ञ बहादुर खत्री |
| संयोजक | ईन्जिनियर | कार्यकारी अधिकृत |
| SODCC Parsa | सामाजिक विकास साखा | वी.उ.म.न.पा. को कार्यलय |